# बेनीघाट रोराङ गाउँपालिका

**स्थानीय राजपत्र**

**खण्ड – ८** **संख्या – १०** **मितिः ३१ चैत्र, २०८१**

**भाग – २**

## स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

## स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावनाः** बेनीघाट रोराङ गाउँपालिकामा व्यावसायिक रुपमा कृषि क्षेत्रको उत्पादकत्व तथा उत्पादन वृद्धिबाट आन्तरिक माग पूर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनका लागि उच्चतम् प्रविधि प्रयोग र व्यापक क्षेत्र विस्तार गर्न सघन रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरी कृषि क्षेत्रलाई प्राथमिकता दिइएकोले कृषि विकास शाखा मार्फत सञ्चालन हुने कार्यक्रमहरूलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्न वाञ्छनीय भएकोले, बेनीघाट रोराङ गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ को दफा ६६ (ज) ले दिएको अधिकार प्रयोग गरि बेनीघाट रोराङ गाउँपालिका, गाउँकार्यपालिकाको बैठकले स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गरी जारी गरेको छ।

### परिच्छेद — १
### प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**१.२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सम्झनु पर्दछ।

(ख) "कार्यक्रम" भन्नाले कृषिसँग सम्बन्धित कार्यक्रम सम्झनु पर्दछ।

(ग) "कार्ययोजना" भन्नाले कृषिको उत्पादन र उत्पादकत्व बढाउन व्यवसायिक योजनाको रुपमा तरकारी गरिएको कार्यढाँचा सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ङ) "शाखा" भन्नाले बेनीघाट रोराङ गाउँपालिका कृषि विकास शाखा सम्झनु पर्दछ।

(च) "अध्यक्ष" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाका अध्यक्ष सम्झनुपर्दछ।

(छ) "समिति" भन्नाले प्रस्ताव मूल्याङ्कन समिति सम्झनु पर्दछ।

(ज) "वडा कार्यालय" भन्नाले बेनीघाट रोराङ गाउँपालिका अन्तर्गत रहेका वडा कार्यालयहरूलाई सम्झनु पर्दछ।

(झ) "आवेदक" भन्नाले कार्यक्रम सञ्चालनको लागि आवेदन दिएका कार्यक्रममा आवद्ध भई व्यावसायिक कृषि गर्न इच्छुक व्यक्ति, उपभोक्ता समिति, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फार्म लगायतका समूहमा आवद्ध भएकालाई समेत सम्झनु पर्दछ।

(ञ) “लाभग्राही” भन्नाले इच्छुक कृषक/ उपभोक्ता समिति/ कृषक समूह/ कृषि सहकारी/ कृषि फार्म समेतलाई सम्झनु पर्दछ।

(ट) “साझेदार संस्था” भन्नाले कार्यक्रम सञ्चालन गर्न छनोट भएका ईच्छुक कृषक/ उपभोक्ता समिति/ कृषक समूह/ कृषि सहकारी/ कृषि फार्म सम्झनु पर्दछ।

(ठ) “प्रथम पक्ष” भन्नाले बेनीघाट रोराङ गाउँकार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ।

(ड) “दोस्रो पक्ष” भन्नाले कृषक समूह/ कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनी/ ईच्छुक कृषक आदि लाई सम्झनु पर्दछ ।

(ढ) “उपभोक्ता समिति” भन्नाले लाभग्राही समुदायको प्रतिनिधिको रूपमा सम्झनु पर्दछ।

(ण) “कृषि फार्म” भन्नाले प्रचलित कानून बमोजिम गाउँपालिका तथा घरेलु वा साना उद्योग विकास कार्यालयमा दर्ता भएका कृषि फार्म सम्झनु पर्दछ।

(त) “कृषक समूह” भन्नाले प्रचलित कानून बमोजिम गाउँपालिकामा दर्ता भएका कृषक समूह सम्झनु पर्दछ।

(थ) “कृषि सहकारी” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि क्षेत्रमा काम गर्ने सहकारी सम्झनु पर्दछ।

(द) “अगुवा कृषक” भन्नाले व्यवसायिक तरकारी तथा फलफूल खेतीमा संलग्न सफल कृषक भन्ने सम्झनु पर्दछ।

(ध) “सूचना भन्नाले” गाउँपालिकाको कार्यलयबाट प्रकाशित सूचना सम्झनु पर्दछ।

**१.३ उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) गाउँपालिका भित्रको समग्र कृषि बाली वस्तुहरूको क्षेत्रफल विस्तार तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

(ख) बेरोजगार युवाहरूलाई कृषि व्यावसायमा आकर्षण गरी कृषिको व्यावसायिकरणमा सहयोग पुयाउने।

(ग) ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गरी कृषकहरूको आयस्तरमा सुधार गर्ने।

(घ) कृषिलाई वैज्ञानिक र व्यावसायिक बनाउने,

(ङ) स्थानीय स्तरमा सम्भाव्य बालीहरूको व्यावसायिक उत्पादन, विविधिकरण र बजारीकरणमा सहयोग पुर्याउने।

(च) स्थानीय स्तरको मौलिक वस्तुहरुको पहिचान बढाउने।

(छ) एक गाउँ एक उत्पादन कार्यक्रमको निम्ति कृषक समुदायलाई पकेट क्षेत्रको आधारमा व्यावसायीकरण गराउने।

(ज) व्यावसायिक संभव्यता सहित उल्लेखनीय परिमाणमा कृषि उत्पादन बढाउने।

(झ) एक वडा एक उत्पादन प्रवर्धन गर्ने।

(ञ) कुपोषित तथा विपन्न घर परिवारको पोषण अवस्थामा सुधार ल्याउने।

(ट) कृषि उत्पादन र बजार पहुँचलाई सुनिस्चित गर्ने।

(ठ) कृषकलाई प्राविधिक ज्ञान उपलब्ध गराउने।

(ढ) अति विपन्न, सीमान्तकृत, कुपोषणले ग्रस्त घर परिवार तथा समुदायलाई सहुलियतमा बिउ, प्रविधि उपलब्ध गराउने।

## परिच्छेद — २

## समिति सम्बन्धी व्यवस्था

२.१ कृषि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, व्यवस्थित तथा प्रतिफलमा आधारित बनाउनका लागि देहाय बमोजिमको बेनीघाट रोराङ गाउँपालिका कृषि अनुदान कार्यक्रमका लागि लाभग्राही छनौट समिति रहनेछ।

| | |
|---|---|
| क) गाउँपालिकाका उपाध्यक्ष | संयोजक |
| ख) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ग) पूर्वधार शाखा प्रमुख | सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) योजना शाखा प्रमुख | सदस्य |
| च) भण्डार शाखा प्रमुख | सदस्य |
| छ) कृषि विकास शाखाको प्रमुख | सदस्य सचिव |

२.२ उपदफा २.१ अनुसार गठन हुने समितिका आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा निमन्त्रणा गर्न सकिने छ।

२.३ उपदफा २.१ अनुसार गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) गाउँपालिकामा चालू आ.व मा सञ्चालन गरिने कृषि तर्फका कार्यक्रममा छनौट गर्ने।

ख)कार्यक्रम छनौट गर्दा स्थानीय सम्भाव्यता तथा उपलब्ध श्रोत साधनको पहिचान गरी गर्ने।

ग) लाभग्राही छनोट गर्ने

घ) उपदफा २.३ मा गठित उपसमितीको सिफारिस अध्यायन गरि प्रमाणित गर्ने वा नगर्ने

ङ) लागत साझेदारीको आधार र मापदण्ड तय गर्ने,

च) लागत साझेदारी गर्न नसक्ने समुदायमा लागत साझेदारी बिना कार्यक्रम कार्यान्वयन गर्न सिफारिस गर्ने

छ) कार्यक्रम कार्यान्वयन गरिने क्षेत्र/वडा छनोट गर्ने,

ज) कार्यक्रमको कार्यान्वय सम्बन्धमा समिति आफैंले अनुगमन गर्ने वा अनुगमनकर्ता तोक्ने,

झ) कार्यक्रम कार्यान्वयन सम्बन्धमा अन्य आवश्यक निर्णय गर्ने,

ञ) सहयोगको क्षेत्र - जिन्सी सामग्री वा अनुदान दुवै गर्ने सम्बन्धमा आवश्यकतानुसार निर्णय गर्ने,

२.४ प्राप्त प्रस्तावना मूल्याङ्कन तथा सिफारिसको लागि तपसिल बमोजिमको उपसमितिको व्यवस्था गरिनेछ।

| | |
|---|---|
| क) योजना शाखा प्रमुख | संयोजक |
| ख) पशु शाखा प्रमुख | सदस्य |
| ग) कृषि विकास शाखा प्रमुख | सदस्य-सचिव |

२.५ उपदफा २.४ बमोजिम गठित उपसमितिले निर्णय गर्दा देहाय बमोजिमको आधारमा गर्नु पर्नेछ।

क) कृषि विकास शाखा र जनप्रतिनिधिहरूको गरेको स्थलगत अनुगमन

ख) आवेदकले पेस गरेको अनुसूची - १ बमोजिमको निवेदन, अनुसूची - २ बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची - ३ बमोजिमको कार्ययोजना विवरण, चालू आर्थिक वर्षहरूमा सोही प्रकृतिका कार्यक्रमहरू सञ्चालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसूची - ४ बमोजिमको स्व-घोषणा पत्र, अनुसूची ६ बमोजिमको प्रस्ताव मुल्याङ्कन आधारहरु, अनूसुची ७ बमोजिमको फिल्ड अनुगमन प्रतिवेदन

## परिच्छेद — ३

## कार्यक्रम सञ्चालन प्रक्रिया

**३.१ सूचना प्रकाशन:** स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि १५ देखि २१ दिने आवेदन मागको सूचना प्रकाशन गरी माग सङ्कलन गर्नु पर्नेछ। संघीय र प्रदेश सरकारबाट सशर्त कार्यक्रमको हकमा तोकिए बमोजिम हुनेछ।

**३.२ निवेदन पेस गर्ने:** कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचनामा माग भए बमोजिम आवश्यक कागजात पेस गर्नु पर्नेछ।

**३.३ अनुदान प्रतिशत र सिमाः**

(क) कार्यक्रमको प्रकृति अनुसार लाभग्राही कृषकले कुल लागतको १०-२०% लागत साझेदारी गर्नु पर्नेछ। साथै अनुदान आवेदन स्वीकृत भएको अवस्थामा माग बमोजिमको सामग्री नलगेको खण्डमा पालिकाको खातामा जम्मा भएको लागत साझेदारीको रकम फिर्ता हुने छैन।

(ख) वडाबाट सञ्चालन भएका कृषि सम्बन्धी कार्यक्रमको हकमा अनुदानको प्रतिशत/सिमा वडा समितिको सिफारिसको आधारमा उपदफा २.१ मा गठित समितिको निर्णय बमोजिम हुनेछ।

(ग) माथिका दफामा जुनसुकै कुरा लेखिए पनि तपसिल बमोजिमको अवस्थामा सत प्रतिशत अनुदानमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

- आर्थिक रुपले विपन्न, सीमान्तकृत, दलित लक्षित, पोषण अवस्थामा सुधारको लागि सञ्चालित कार्यक्रममा र भवितव्य पर्न आएमा (विपद तथा प्राकृतिक प्रकोप आदि)

(घ) चालू आर्थिक वर्षमा एउटै प्रकारका कार्यक्रमहरू सञ्चालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको हुनु पर्नेछ।

## ३.४ सञ्चालन गरिने क्रियाकलापहरु

### ३.४.१ कृषि क्षेत्र विकास कार्यक्रम प्लाष्टिक घर/कृषि टनेल निर्माण अनुदान

(क) प्लाटिक घर भित्र पहिलेबाट खेती गर्दै आएका कृषकहरूलाई प्राथमिकता दिइनेछ। साथै कृषकको अवस्था हेरी नयाँ व्यावसाय सुरु गर्न चाहनेको हकमा वडाको सिफारिस, कार्ययोजना लगायतका कागजात हेरी मूल्याङ्कन गरिनेछ ।

(ख) प्लाष्टिक घर/कृषि टनेल निर्माण कार्यक्रममा छनौट भएका कृषकहरूले प्रथम पक्षले तोकेको मापदण्ड र समय सीमा भित्र कार्य सम्पन्न गर्नु पर्नेछ। (प्लाष्टिक घर/कृषि टनेल निर्माण सम्बन्धी मापदण्ड अनुसूची ५ मा दिइएको छ।)

(ग) जि. आइ पाईपबाट टनेल बनाउने व्यावसायिक कृषकहरूलाई प्लास्टिक घर/कृषि टनेल निर्माणमा विशेष प्राथमिकता दिईनेछ।

(घ) प्लाष्टिक घर/कृषि टनेल निमार्णका लागि प्रथम पक्षले दोस्रो पक्षसँग आवश्यकता अनुसार सम्झौता गराई सो बमोजिम कार्य अगाडि बढाउन सक्नेछ।

(ङ) प्लाष्टिक घर/कृषि टनेलको लागि संरचना निर्माण भएका कृषक/समूह/सहकारीलाई फिल्ड अनुगमनका आधारमा शर्त प्रतिशत अनुदानमा प्लाष्टिक (UV/Silpaulin) उपलब्ध गराइनेछ।

(च) आयोजना वा कार्यक्रमको सञ्चालन सम्बन्धी अन्य व्यवस्था उपदफा २.१ अनुसार गठित समितिको निर्णयानुसार हुनेछ।

### ३.४.२ कृषकसँग गाउँपालिका प्रमुख प्रोत्साहन कार्यक्रमः

(क) प्रोत्साहन कार्यक्रमका लागि निश्चित मापदण्ड तोकी सो को लागि आवेदन खुलाइने छ ।

(ख) प्राप्त निवेदनहरूलाई प्रस्ताव मूल्याङ्कन समितिले आवश्यक छलफल/ मूल्याङ्कन एवम् अनुगमन गरिसकेपछिको निर्णय अनुसार कृषि विकास शाखाले सो बमोजिमको कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(ग) कृषक प्रोत्साहनका लागि आवश्यकता हेरी नगद/ उपहार अथवा कृषि सामग्री/ प्रविधि हस्तान्तरण गर्न सकिने छ ।

(घ) शाखाबाट सञ्चालन हुने कार्यक्रमहरुमा उत्कृष्ट किसानहरुलाई सो आ.व. मा विशेष प्राथमिकतामा राख्न सकिनेछ।

### ३.४.३ साना कृषि औजार तथा कृषि यान्त्रिकरण कार्यक्रम

(क) मेसिनरी औजार उपकरणमा व्यावसायिक कृषक/समूह/कृषि सहकारीलाई प्राथमिकता दिइनेछ।

(ख) प्राप्त निवेदनहरूलाई प्रस्ताव मूल्याङ्कन समितिले आवश्यक छलफल एवम मूल्याङ्कन गरिसकेपछि कृषि विकास शाखाले कार्यक्रम कार्यान्वयन गर्नेछ।

(ग) प्रथम पक्षले दोस्रो पक्षसँग आवश्यकता अनुसार सम्झौता बमोजिम कार्य गर्न सक्नेछ।

(घ) मेसिन/ औजार उपकरण वितरण कार्यक्रम संगै कृषि शाखाका प्राविधिकबाट तालीमको पनि व्यवस्था गर्न सकिने छ।

### ३.४.४ मौरी घार/ गोला वितरण

(क) मौरी पालन भन्नाले मह/ मौरीजन्य वस्तुहरू / मौरीपालन परिक्षण र मह प्रशोधनमा प्रयोग हुने औजार उपकरणहरूको उत्पादन र बिक्री वितरण मह र मौरीजन्य वस्तुहरूको प्रशोधन गुणस्तर मापन प्रमाणीकरण र विदेश निकासी गर्ने सम्मका कार्यक्रम बुझाउँछ ।

(ख) व्यावसायिक कृषकहरूलाई विषेश प्राथमिकता दिईनेछ ।(व्यावसायिक कृषक भन्नाले कम्तिमा पनि ५ घार मौरी पालन गर्ने कृषकलाई सम्झनु पर्दछ ।) साथै मौरी पालन व्यावसायको सम्भाव्यता रहेका क्षेत्रभित्र पर्ने नयाँ व्यावसाय सुरु गर्न चाहने कृषकको हकमा वडाको सिफारिस, कार्ययोजना लगायतका कागजात हेरी मूल्याङ्कन गरिनेछ ।

(ग) मौरीघार वितरण संगै कृषकहरूको आवश्यकता अनुसार कृषि शाखाका प्राविधिकबाट तालीमको व्यवस्था गर्न सकिने छ ।

### ३.४.५ बिउ बिजन सम्बन्धमा

(क) बिउ भन्नाले तरकारी, फलफूल, फूल र अन्य वनस्पतिको प्रसारण गर्नका लागि आवश्यक पर्ने बिउ ,बेर्ना, कटिङ्ग, ट्युवर समेतलाई जनाउँछ।

(ख) बिउ वितरणका लागि कृषि विकास शाखाबाट कृषि फर्म/ समूह /सहकारी/ कम्पनी/कृषकहरूबाट आवेदन सङ्कलन गरिनेछ।

(ग) व्यावसायिक रुपमा खेती गर्ने कृषकहरूलाई विषेश प्राथमिकता दिईनेछ। साथै कृषकको अवस्था हेरी नयाँ व्यावसाय सुरु गर्न चाहनेको हकमा वडाको सिफारिस, कार्ययोजना लगायतका कागजात हेरी मूल्याङ्कन गरिनेछ ।

(घ) फिल्ड अनुगमनको जिम्मा सम्बन्धित वडा कार्यलयको हुनेछ।

(ङ) प्राप्त निवेदनहरूलाई प्रस्ताव मूल्याङ्कन समितिले आवश्यक छलफल एवम् मूल्याङ्कन गरिसकेपछि कृषि विकास शाखाले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(च) नेपाल सरकारले सूचिकृत गरेका जातका बिउबिजन मात्र वितरण गर्न पाइने छ।

(छ) कृषकहरूको आवश्यकता अनुसार कृषि शाखाका प्राविधिकहरुबाट तालीमको व्यवस्था गर्न सकिने छ ।

**३.४.६ साना पकेट विकास कार्यक्रम**

(क) लगभग ४० रोपनी देखि ८० रोपनी क्षेत्रफलमा कृषि गर्दै आएका फर्म/ समूह/ सहकारी/ कम्पनीहरूलाई एकीकृत गरी आवश्यकता अनुसार पकेट स्थापना गरिनेछ।

(ख) पकेट विकास कार्यक्रममा व्यावसायिक कृषकहरूलाई विषेश प्राथमिकता दिइनेछ ।

(ग) कृषकहरूको आवश्यकता अनुसार कृषि शाखाका प्राविधिकबाट तालीमको व्यवस्था गर्न सकिने छ।

### ३.४.७ बिरुवा वितरण कार्यक्रम

(क) बिरुवा वितरणको लागि सूचना प्रकाशन गरि बेनीघाट रोराङ गाँउपालिकाको कृषि विकास शाखाबाट माग सङ्कलन गरिनेछ ।

(ख) बिरुवा वितरण कार्यक्रममा व्यावसायिक फर्म/ समूह/ सहकारी कम्पनीका कृषकहरूलाई विषेश प्राथमिकता दिईनेछ ।

(ग) प्राप्त निवेदनहरूलाई आवश्यकतानुसार वडा कार्यालयसँग समन्वय गरी कृषि विकास शाखाले बिरुवा वितरण गर्नेछ।

(घ) नयाँ पकेट स्थापना गर्न सकिने सम्भाव्यता भएका स्थानहरुलाई प्राथमिकता दिईनेछ।

(ङ) आवश्यकता हेरी बर्षे र हिउँदे फलफूल, तरकारी, फूल र मसला बालीका बिरुवा वितरण गर्न सकिने ।

### ३.४.८ कृषक पाठशाला सञ्चालन कार्यक्रम

(क) कृषक पाठशाला सञ्चालन गर्नु अगाडि आ.ई.पि.एम. कृषक/सहजकर्ता सम्पर्कमा आई जनप्रतिनिधि, शाखा प्रमुख, कृषि प्राविधिक समेत स्थलमा गई गाँउपालिकाले निर्धारण गरेको क्षेत्रमा गठन भइसकेका वा नयाँ समूह गठन गरी २५ जनाको कृषक समूह छनौट गरी अन्तरक्रिया गोष्ठी सञ्चालन गर्ने।

(ख) तरकारी खेती तथा अन्नबालीमा पाठशाला सञ्चालन गर्दा कम्तिमा ५०० वर्ग मि. जग्गाको छनौट गर्ने वा ५ वटा प्लाष्टिक टनेल भित्र पाठशाला सञ्चालन गर्ने स्थानको निर्धारण गर्ने ।

(ग) बाली अवधिभर कृषक समूहले निर्धारण गरेको हप्ताको १ दिन ५ घण्टा का दरले १६ हप्ता सम्म अध्ययन र तालीम सञ्चालन  गर्ने।

(घ) कृषक पाठशाला सहजकर्तालाई कक्षा सञ्चालन गरे बापत भत्ता प्रतिदिन रु ८०० का दरले २ जनालाई र यातायात खर्च रु २०० का दरले २ जना लाई दिईने छ ।२ वटा विषेश कक्षा सञ्चालन गर्ने स्रोतव्यक्तिलाई भत्ता प्रति हप्ता प्रति दिन रु.१६०० का दरले २ हप्ता सम्मका लागि ।विषेश कक्षा सञ्चालन गर्ने स्रोतव्यक्तिलाई यातायात खर्च दिनको रु. २०० का दरले १ जनालाई २ दिनको दिन मिल्ने छ ।

(ङ) हरेक बालीमा बाली नभित्र्याउदै अन्य कृषकहरूमा प्रविधि विस्तार गर्ने उद्देश्य राखी आमन्त्रित पाहुना र अन्य कृषकहरू समेत राखी कृषक दिवस मनाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(च) पाठशाला सकिएपछि उक्त पाठशालाको प्रतिवेदन तयार गरि कार्यालयमा बुझाउनका लागि कृषि विकास शाखाले रु. १००० पारिश्रमिक राख्न सक्ने छ ।

### ३.४.९ भकारो सुधार कार्यक्रमः

(क) व्यावसायिक कृषिपालन गर्ने नमूना गाँउ टोल निर्माण गर्ने गरी सञ्चालन गरिनेछ।

(ख) प्रति घरधुरी कम्तिमा ३ वटा कृषिपालन गरेको कृषक हुनुपर्नेछ ।

(ग) भकारो सुधार गर्ने कृषकले दुई पक्षीय करार सम्झौता गरी कार्यक्रम सुचारू गर्न सक्नेछन्

(घ) कृषकले आफ्नो गोठबाट सहजै गहुँत सङ्कलन गर्ने र भकारोमा छानाको व्यवस्था गर्नुपर्ने छ।

(ङ) कार्य सम्पादन पश्चात् प्राविधिक कार्य सम्पन्न प्रतिवेदन, वडा कार्यालयको सिफारिस पत्र, भकारो सुधार गरिएको फोटो लगायतका कागजात पेस गरेपछि भुक्तानी दिइनेछ ।

### ३.४.१० साना सिंचाई कार्यक्रम

(क) साना सिञ्चाई कार्यक्रम भन्नाले कम्तिमा ५० देखि २०० रोपनी सम्म सिञ्चित हुने गरि नेपाल सरकारको तर्फबाट बढीमा १,५०,००० (अक्षरुपि एक लाख पचास हजार) सम्मको अनुदान सहयोग र उपभोक्ताको समितिबाट लागत इस्टमेटको २० प्रतिशत लागत सहभागिता हुने गरी कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

(ख) साना सिञ्चाई अन्तर्गत पोलिथिन/ प्लास्टिक पाइप, ह्युम पाईप, थोपा सिञ्चाई सेट, स्प्रिङकलर वितरण एवम् कुलो, बाँध, प्लाष्टिक पोखरी र साना ट्यांकी निर्माण गर्न सकिने छ ।

(ग) प्रथम पक्षले दोस्रो पक्षसँग आवश्यकता अनुसार सम्झौता गर्न सक्नेछ।

(घ) कृषकहरुलाई सिञ्चाई पानीको मुहानबाट खेतबारी सम्म पानी ल्याउनका लागि कृषकहरु छनोट गरि प्लाष्टिक पाईप वितरणको कार्यक्रम समेत गर्ने सकिने छ ।

### ३.४.११ शाखाको वार्षिक सन्देश / सूचना प्रकाशनः

(क) शाखाले वर्ष भरि सञ्चालन गर्ने कार्यक्रम, कृषकहरुलाई जनचेतना, सूचना लगायतको जानकारी दिन/ गराउन आवश्यकता हेरी स्थानीय रेडियो, टि. भि., पत्रपत्रिका, अनलाइन आदि लाई बढीमा १,००,००० /- (एक लाख मात्र) सम्म खर्च गर्न सक्ने छ ।

### ३.४.१२ आकस्मिक बाली संरक्षण कार्यक्रमः

(क) आकस्मिक बाली संरक्षण गर्नु पर्ने अवस्थामा यस शीर्षकमा बजेट नभएको/ अपुग भएको खण्डमा कृषि शाखाको अन्य शीर्षकमा विनियोजीत बजेटबाट रकमान्तर गर्न सकिने छ । रकमान्तरका लागि शाखाले टिप्पणी पेस गरी गाउँ कार्यपालिकाले निर्णय गर्नुपर्नेछ।

(ख) कृषि वस्तु विशेषमा आकस्मिक रोग, कीरा तथा शुक्ष्म खाद्यतत्वको कमीका कारण प्रकोप देखिएको सूचना प्राप्त भएमा मागको आधारमा विनियोजित बजेटको परिधि भित्र रहि आवश्यकता अनुसार बाली संरक्षण गर्न विषादी खरिद गरी शत प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ।

### ३.४.१३ बाली उपचार शिविर सञ्चालन कार्यक्रम

(क) बाली उपचार शिविर १ दिनको हुनेछ। बाली उपचार शिविर सञ्चालन हुने मिति, स्थान र समयको बारेमा कृषक/कृषक समूह/ कृषि सहकारी लाई २ दिन अगावै सूचना वा जानकारी दिनुपर्नेछ।

(ख) कृषकले ल्याएको बालीको नमूना र कृषकसँग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरु कृषकले बुझ्ने गरी लिखित रुपमा कृषकलाई उपलब्ध गराउनु पर्नेछ। उक्त दिन कृषकको समस्या पहिचान हुन नसकेमा यथासक्य छिटो उपयुक्त निकायमा नमूना पठाई समस्या पहिचान गराई सम्बन्धित कृषकलाई व्यवस्थापनका उपायहरु सहित जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ ।

(ग)यस कार्यक्रममा सहभागी कृषकलाई निःशुल्क प्राविधिक सेवा र आवश्यक परेमा निःशुल्क विषादी उपलब्ध गराइनेछ ।

(घ) बाली उपचार शिविरमा सञ्चालनको लागि वाली उपचार सम्बन्धी Module १ / Module २ सम्बन्धी तालीम प्राप्त व्यक्तिहरुबाट सञ्चालन गर्नु पर्नेछ । सथै शिविर सञ्चालनमा सहभागी प्राविधिकहरुलाई प्रतिदिन रु. १५०० का दरले भत्ता उपलब्ध गराउन सकिनेछ।

**३.४.१४ मागमा आधारीत तालीम कार्यक्रमः**

(क) कृषक समूह/ कृषि सहकारीले कृषि सम्बन्धी विभिन्न तालीम वडा कार्यालयको सिफारिसमा माग गर्नु पर्नेछ।

(ख) तालीम सञ्चालन गर्दा सम्बन्धित गाउँपालिका प्रमुख/उपप्रमुख वा वडाका जनप्रतिनिधिहरुको संलग्नतामा गर्नु पर्नेछ।

(ग) कृषक स्तर तालीम सञ्चालन गर्न गाउँपालिका भित्रका प्राविधिकबाट सञ्चालन गर्नु पर्ने छ। उक्त तालीमलाई विशेषज्ञ सेवा आवश्यक परेका जिल्ला स्थीत कृषि विकास कार्यालय वा विज्ञको सहयोगमा तालीम सञ्चालन गर्नु पर्नेछ।

(घ) तालीममा उपस्थित सम्पूर्ण सहभागीलाई तालीममा टिपोट गर्न स्टेसनरी र खाजा उपलब्ध गराउनु पर्ने छ साथै एक दिनको तालीमको लागि भत्ता उपलब्ध गराइने छैन।

(ङ) तालीमा आवश्यक पर्ने प्रशिक्षण सामग्री गाउँपालिकाको कृषि विकास शाखाबाट उपलब्ध गराईनेछ।

(च) तालीमको प्रभावकारिताको अनुगमनको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले खटाएको कर्मचारीबाट हुनेछ।

(छ) गाउँपालिकाका प्राविधिक वा जिल्ला स्थीत कृषि कार्यालयका प्राविधिकबाट प्रशिक्षकको रुपमा खटिएका व्यक्तिलाई प्रति सेसन (१.५ घण्टको) रु. १५०० का दरले उपलब्ध गराउन सकिनेछ। सथै प्रत्यक व्यक्तिले एक दिनमा बढीमा दुई सेसन लिनुपर्ने छ ।

**३.४.१५ कोशेली घर स्थापनाः**

(क) बेनीघाट रोराङ गाउँपालिकामा सञ्चालन भएका सहकारीको लागि कार्यक्रममा भाग लिन सूचना निकालिनेछ।

(ख) प्रस्तावना/कार्ययोजना पेस गरेर छनौट भएका सहकारीलाई सम्झौता गरेर कार्यक्रम सञ्चालन गर्न लगाईनेछ।

(ग) कोशेली घर स्थापनाको लागि ग्राहकहरुको बढी आवतजावत हुने, यातायात, सञ्चार, सुरक्षा लगायत भौतिक पूर्वाधार सुविधा भएको, मालसमान ढुवानी गर्न सुविधा भएको स्थानमा हुनुपर्नेछ।

(घ) सहकारीले सम्झौता अनुसारको कार्य गरेपछि बिल, भर्पाई, सम्बन्धित वडाको सिफारिस र आवश्यक कागजातका साथ भुक्तानीका लागि पेस गर्नुपर्नेछ।

(ङ) स्थानीय स्तरमा नै उपलब्ध हुने रैथाने उत्पादन जस्तै कागुनो, सामा, कोदो, फापर, जुनेलो तथा स्थानीय जातका वालीहरुको प्रर्दशनी, बिक्रीवितरण, बजारीकरण ब्रान्डिङ्ग गाउँपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ।

(च) एक लाख भन्दा बढी मूल्य पर्ने बस्तु वा सेवा खरिद गर्दा अनिवार्य रुपमा कम्तीमा तीन वटा कोटेशन लिएर खरिद गर्नुपर्नेछ।

(छ) कोशेली घर सञ्चालनको लागि जनशक्ति सम्बन्धित समूह/ सहकारीले व्यवस्था गर्नु पर्ने भुक्तानी माग भएपछि कार्यालयले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गर्नेछ र सहकारीको बैंक खाता मार्फत् भुक्तानी गरिनेछ।

**३.४.१६ माटोको नमूना सङ्कलन सम्बन्धी तालीम, माटो परिक्षण तथा चुना वितरण कार्यक्रम**

(क) माटो नमून सङ्कलनको लागि गाउँपालिकाको प्राविधिकको प्रत्यक्ष सहकार्यमा कुनै पनि एक स्थानमा समूह मार्फत नमूना सङ्कलन सम्बन्धी तालीम सञ्चालन गर्नुपर्ने छ।

(ख) माटोको नमूना सङ्कलनको लागि प्लाष्टिकको थैलो र कृषकको माटोको नमूनाको विवरण वा ढाँचा कृषि विकास शाखाले उपलब्ध गराउनु पर्नेछ।

(ग) माटो परिक्षणको लागि बागमती प्रदेश माटो तथा मल परीक्षण प्रयोगशालाको प्राविधिक सहयोगमा कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(घ) माटो शिविरबाट प्राप्त भएको नतिजा अनुसार आवश्यक कृषि चुना वितरण गर्नुपर्नेछ।

**३.४.१७ विपन्न लक्षित अविभावकलाई कृषि सम्बन्धी आयआर्जन कार्यक्रम**

(क) बेनीघाट रोराङ गाँउपालिकाका विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरुका अभिभावकलाई यस कार्यक्रममा समावेश गरिने छ।

(ख) आ.वि तह (१-८) सम्मका विद्यालयलाई प्राथमिकता दिइनेछ। तर आवश्यकता र औचित्यका आधारमा माध्यामिक तहसम्मका विर्द्याथिका अभिभावकलाई लाभग्राहीका रुपमा समावेश गर्न सकिनेछ।

(ग) विद्यार्थीको अभिभावकको आर्थिक अवस्था कमजोर भएको भनी सम्बन्धित विद्यालय, वडा समिति र बेनीघाट रोराङ गाँउपालिकाको शिक्षा शाखाको सिफारिसमा आएकालाई कार्यक्रममा समावेश गरिने छ।

(घ) कार्यक्रममा भाग लिने अभिभावक कृषि पेशामा संलग्न भएको हुनुपर्ने छ।

(ङ) गाउँपालिकाको तर्फबाट बढीमा १-लाख सम्मका साना कृषि सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि अनुदान उपलब्ध गराउन सकिनेछ।

(च) यस कार्यक्रम अन्तर्गत विपन्न लक्षित अभिभावकले आफूले गर्न चाहेको कृषि कार्यक्रम सम्बन्धी प्रस्तावना पेस गर्नुपर्ने छ।

(छ) तरकारीको खेती, फलफूल खेती, मौरीपालन, कृषि यान्त्रिकरण तथा अन्य कृषिसँग सम्बन्धित काममा रकम खर्च गर्न पाइने छ।

(ज) कृषकको माग भएमा आवश्यकता अनुरुप तालीम सञ्चालन गरिनेछ।

(झ) प्रस्तावना छनौट भएपछि सम्झौता गरी कार्य सञ्चालन गरिनेछ।

(ञ) सम्झौता बमोजिम कार्य सम्पन्न भए पश्चात वडा कार्यालय र विद्यालयले अनुगमन गरेपछि सम्बन्धित व्यक्तिलाई रकम भुक्तानी गरिने छ।

### ३.४.१८ बगर खेति कार्यक्रम

(क) बगर खेती गरिने स्थल नदी / खोला किनार आसपासको उकास वा बगर हुनुपर्नेछ।

(ख) कार्यक्रममा न्यून आय भएका, विगतदेखि बगरमा खेति गर्दै आएका इच्छुक कृषक/ कृषि फर्म समूह / कृषि सहकारीहरुबाट आवेदन सङ्कलन गरिनेछ।

(ग) पहिलो पटक बगरमा तरकारी/फलफूल खेती गर्न इच्छुक कृषक/ कृषि फर्म समूह / कृषि सहकारीहरु/उपभोक्ता समिति पनि यस कार्यक्रममा संलग्न हुन सक्नेछन्।

(घ) शाखाबाट सूचना आव्हान गरी कृषि फर्म / समूह / कृषि सहकारीहरूबाट आवेदन सङ्कलन गरिनेछ ।

(ङ) व्यावसायिक रुपमा खेती गर्ने कृषककहरूलाई विषेश प्राथमिकता दिईनेछ। कृषकहरूको आवश्यकता अनुसार कृषि शाखाका प्राविधिकहरुबाट तालीमको व्यवस्था गर्न सकिने छ।

### ३.४.१९ कृषि कार्यक्रम (मागमा आधारित)

(क) मागमा आधारित कार्यक्रम सञ्चालनको लागि अन्य कार्यक्रमहरुबाट सम्बोधन हुन नसकेको बालीवस्तुहरुलाई बढी प्राथमिकता दिइनेछ।

(ख) कृषक समूह/कृषि सहकारीले कृषिसँग सम्बन्धित विभिन्न कार्यक्रम वडा कार्यालयको सिफारिसमा माग गर्न सक्नेछन।

(ग) कार्यक्रमकको जानकारी सम्बन्धित गाउँपालिका प्रमुख/उपप्रमुख वा वडाका जनप्रतिनिधिहरुलाई हुनुपर्नेछ।

(घ) व्यावसायिक रुपमा खेती गर्ने कृषककहरूलाई विषेश प्राथमिकता दिईनेछ।

(ङ) कार्यक्रमको प्रभावकारीको अनुगमन प्रमुख प्रशासकीय अधिकृत वा निजले खटाएको कर्मचारी बाट हुनेछ।

(च) गाउँपालिकाका प्राविधिक वा जिल्ला स्थीत कृषि कार्यालयका प्रविधिकबाट प्रशिक्षकको रुपमा खटिएका व्यक्तिलाई प्रति सेसन (१.५ घण्टको) रु.१५०० का दरले उपलब्ध गराईनेछ ।सथै प्रत्यक व्यक्तिले एक दिनमा वढीमा दुइ सेसन लिनुपर्ने छ।

## ३.४.२० रैथाने बाली उत्पादनमा आधारित अनुदान

(क) कृषि विकास शाखाबाट सूचना प्रकाशन गरी आवेदन सङ्कलन गरिनेछ।

(ख) बेनीघाट रोराङ गाँउपालिकाका रैथाने बालीको खेती गरिरहेका कृषक/कृषक समूह/ कृषि सहकारीले यस कार्यक्रममा भाग लिन सक्नेछन्।

(ग) रैथाने बाली (कोदो, फापर, कागुनो, सामा, जुनेलो, आदि) लगाएका कृषकलाई अनुदान दिइनेछ।

(घ) अनुदान प्राप्त गर्ने कृषकले कम्तिमा २ रोपनी जग्गामा रैथाने बाली लगाएको हुनुपर्नेछ।कृषक समूह/कृषि सहकारीमा आवद्द रहेका प्रत्येक कृषकको हकमा पनि यो कुरा लागू हुनेछ।

(ङ) कृषि शाखाका कर्मचारीको प्राविधिक अनुगमन पछि बाली लगाएको क्षेत्रफल मापन गरी सोही अनुसार कृषकलाई अनुदान दिइनेछ ।

(च) प्रति रोपनी कम्तिमा रु. ६००/- का दरले वा गाउँकार्यपालिकाको निर्णय बमोजिम अनुदान रकम उपलब्ध गराइने छ।

(छ) माथि जुनसुकै कुरा लेखिएता पनि अनुदानको सिमा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ।

## ३.४.२१ नर्सरी निर्माण तथा व्यवस्थापन

(क) कृषि विकास शाखाबाट सूचना प्रकाशन गरी आवेदन सङ्कलन गरिनेछ।

(ख) बेनीघाट रोराङ गाँउपालिकाकामा दर्ता भएका कृषि फर्म/कृषक/ समूह/कृषि सहकारीले यस कार्यक्रममा भाग लिन सक्नेछन्।

(ग) नर्सरी निर्माण गर्न इच्छुक कृषि फर्म/कृषक समूह/कृषि सहकारीले आफूले गर्न चाहेको नर्सरीको विवरण खुल्ने गरी प्रस्तावना पेस गर्नुपर्ने छ।

(घ) पेस भएको प्रस्तावना मूल्याङ्कन समितिले मूल्याङ्कन गर्नेछ।

(ङ) नर्सरी निर्माण, नर्सरी स्थापना र नर्सरी व्यवस्थापनमा आवश्यक कृषि औजारहरु (मल, जाली, प्लाष्टिक, बिउ, विषादी, स्प्रेयर, आदि) खरिदमा रकम खर्च गर्न पाईनेछ।

(च) तरकारी/फूल/फलफूल/मसलाबाली/अन्य वनस्पतिको नर्सरी स्थापना गर्न सकिनेछ।

(छ) प्रस्तावना छनौट भएपछि सम्झौता गरी कार्य सञ्चालन गरिनेछ।

(ज) सम्झौता बमोजिम कार्य सम्पन्न भए पश्चात सम्बन्धित व्यक्तिलाई रकम भुक्तानी गरिनेछ।

### ३.४.२२ सिताके च्याउ खेती कार्यक्रम

(क) कृषि विकास शाखाबाट सूचना प्रकाशन गरी आवेदन सङ्कलन गरिनेछ।

(ख) बेनीघाट रोराङ गाउँपालिकामा दर्ता भएका कृषि फर्म/कृषक समूह/कृषि सहकारीले यस कार्यक्रममा भाग लिन सक्नेछ।

(ग)च्याउ खेतीका लागि संरक्षित संरचना निर्माण र वीउ खरिदमा अनुदान उपलब्ध गराइनेछ।

(घ) सितके च्याउ खेतीका लागि तालिम लगाएत प्राविधिक सहयोग कृषि प्राविधिकबाट हुनेछ।

### ३.४.२३ ड्रागन खेती बगैंचा स्थापना तथा व्यवस्थापन

(क) कृषि विकास शाखाबाट सूचना प्रकाशन गरी आवेदन सङ्कलन गरिनेछ।

(ख) बेनीघाट रोराङ गाउँपालिकामा दर्ता भएका कृषि फर्म/कृषक समूह/कृषि सहकारीले यस कार्यक्रममा भाग लिन सक्नेछ।

(ग) ड्रागन खेतीका लागि संरचना, विरुवा र अन्य सामग्रीमा अनुदान उपलब्ध गराइनेछ।

(घ) खेती प्रविधि सम्बन्धी तालिम कृषि विकास शाखाबाट संञ्चालन हुनेछ।

### ३.४.२४ आकष्मिक कृषि विकास तथा विविध कार्यक्रमः

(क) गाउँपालिकाको वार्षिक योजनामा समावेश नगरिएका कार्यक्रमको तर कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेका सन्दर्भमा आकष्मिक कृषि विकास तथा विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) कार्यक्रम सञ्चालनको आवश्यकता सहितको स्वीकृत टिप्पणी आदेश अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।

## परिच्छेद — ४

## कार्यक्रम सञ्चालनको अन्य आर्थिक पक्ष

४.१ कार्यालयले कार्यक्रमको लागि विनियोजित रकमबाट अनुगमन, कृषक तालीम, फलफूल तथा तरकारीबाट बन्ने परिकार लगायत अन्य मूल्य अभिवृद्धि गर्ने घरेलु/लघुउद्यम सम्बन्धी तालीम, अवलोकन भ्रमणमा समेत खर्च गर्न सक्नेछ।

४.२ **भुक्तानीः** स्वीकृत कार्यक्रम अनुसार भएको सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात् आवश्यक बिल भरपाई, कृषि तथा पूर्वाधार प्राविधिकको प्रतिवेदन, लाभग्राहीको कार्य सम्पन्न प्रतिवेदन, सम्बन्धित वडा कार्यालयको सिफारिस, प्राविधिकको मूल्याङ्कन, कृषि विकास शाखाको रकम भुक्तानीसँग सम्बन्धित सिफारिस, तथा अन्य आवश्यक कागजातको आधारमा गरिनेछ।

## परिच्छेद —५
## विविध

**५.१ अनुगमन तथा मूल्याङ्कनः** गाउँपालिका र सम्बन्धित शाखाले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्नेछ।

**५.२ कारबाहीको व्यवस्थाः** सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्न सक्नेछ। साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा प्राप्त अनुदान रकम प्रचलित ब्याजसहित असुल उपर गरिनेछ र अन्य कार्यक्रममा समावेश गरिने छैन।

**५.३ प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुँदाहरू प्रचलित कानूनसँग बाँझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

**५.४ बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनका सम्बन्धमा कुनै दुबिधा भएमा सो को निरुपण गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

**५.५ संशोधनः** यो कार्यविधि गाउँ कार्यपालिकाबाट आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

**५.६ खारेजी र बचाउः** यस अघि गाउँ कार्यपालिकाबाट स्वीकृत “स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९” खारेजी भएको छ। साथै हालसम्म सञ्चालन भएका कार्यक्रहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ।

## अनुसूची - १
## आवेदन - पत्र

मितिः

श्री बेनीघाट रोराङ गाउँपालिका,
विशालटार, धादिङ।

**विषयः कार्यक्रममा समावेश गरीदिनुहुन।**

महोदय,

प्रस्तुत विषयमा मिति ............................... गते प्रकाशित सूचना ..........................कार्यक्रमका लागि दरखास्त माग भए बमोजिम ....................कार्यक्रममा सहभागी हुन इच्छुक छु/छौं। सूचनामा माग भए बमोजिमको आवश्यक कागजात राखी निवेदन पेस गर्दछु/गर्दछौं। साथै अनुदान आवेदन स्वीकृत भएको अवस्थामा माग बमोजिमको सामग्री नलगेको खण्डमा पालिकाको खातामा जम्मा भएको रकम फिर्ता गर्न दावि विरोध गर्ने छैन र अनुदान सहयोग प्राप्त भएमा शर्त अनुसार कार्य गर्ने प्रतिवद्धता समेत जाहेर गर्दछु/गर्दछौं।

**तपसिलः**

१. सम्बन्धित व्यक्तिको नेपाली नागरीकताको प्रतिलिपि,
२. कृषि फर्मको हकमा फर्म दर्ता, पान नं. दर्ता र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
३. चालू आ.व.मा सोही प्रकृतिका कार्यक्रमहरू सञ्चालनका लागि कुनै सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसूची - ४ बमोजिमको स्व-घोषणा पत्र,
४. कृषक समूह/ उपभोक्ता समिति/ सहकारीको हकमा प्रमाणपत्रको प्रतिलिपी, बैठक निर्णय प्रतिलिपि,
५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौता पत्र,
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

<u>**निवेदक**</u>
नामः
ठेगानाः
सम्पर्क नं.:
दस्तखतः
संस्थाको छापः

## अनुसूची — २

## प्रतिवद्धता पत्र

बेनीघाट रोराङ गाउँपालिकाको मिति ................ को सूचना अनुसार ................................ कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेस गर्दछु/ गर्दछौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/गर्नेछौं। कार्ययोजना अनुसारको कार्य नगरेमा बेनीघाट रोराङ गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानून बमोजिम सहुँला/ बुझाउँला। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौं।

**<u>साझेदारको तर्फबाट</u>**

नामः

दस्तखतः

मितिः

संस्थाको छापः

# अनुसूची — ३
## कार्ययोजना विवरण

१. प्रस्तावित कार्यक्रमको नामः

२. कार्यक्रम कार्यान्वयन हुने स्थानः

३. आवेदन पेस गर्ने लाभग्राहीको नामः

४. प्रस्तावित कार्यक्रमको उद्देश्यः

५. प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः

(क) महिला -

(ख) पुरुष -

६. कार्यक्रम सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

७. व्यावसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरूको विवरणः

(क) सडक सुविधा (छ/छैन)

(ख) सडकको प्रकार (कच्ची/पक्कि)

(ग) सिंचाइ सुविधा (छ/छैन)

(घ) बिजुलीको सुविधा (छ/छैन)

८. सञ्चालन गरिने कार्यविवरणः

९. अपेक्षित उपलब्धिहरूः

## अनुसूची — ४
## स्व - घोषणा पत्र

श्री बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .............................. को सूचना अनुसार .................................ले ............................कार्यक्रममा प्रस्ताव पेस गरेको हुँदा तपसिलका बुँदाहरूमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं। यदि यस स्व-घोषणामा केहि झूठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं।

**<u>तपसिलः</u>**

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन।
२. कुनै सरकारी निकायको कालोसूचीमा परेको छैन।
३. चालू आ.व.मा सोही प्रकृतिका कार्यक्रमहरू सञ्चालनका लागि कुनै सरकारी निकायबाट अनुदान प्राप्त गरेको छैन।
४. प्राप्त अनुदानको हानी-नोक्सानी हुने कुनै कार्य गर्ने छैन। हानी-नोक्सानी भएको ठहरिएमा सरकारी बाँकी सरह असुल उपर गर्न वाधा पर्ने छैन।

**आवेदकको नाम**
पदः
ठेगानाः
उपभोक्ता समिति/समूह/सहकारी/कृषि फार्मको नामः
उपभोक्ता समिति/समूह/सहकारीको छापः
सम्पर्क नं.:


## अनुसूची — ५

### आवश्यक सर-सामग्री


| क्र. सं. | सामानको नाम | इकाई | संख्या |
|---|---|---|---|
| १. | बाँस संख्या (२०-२२ फीट) | वटा | २६-२८ |
| २. | बाइन्डीङ्ग तार | के. जी. | ४ |
| ३. | ग्याबिन तार | के. जी. | २ |
| ४. | बाँधनको लागि प्लास्टिक डोरी | के. जी. | ३ |
| ५. | थोपा सिंचाई (अनिवार्य नभएको) | सेट | १ |
| ६. | Insect नेट (अनिवार्य नभएको) | सेट | १ |
| ७. | प्लास्टिक टनेल | सेट | १ |
| ८. | ज्यामी | जना | ८ (४ दक्ष, ४ अदक्ष) |

(नोटः स्टील, फलाम, जि. आई. पाईप (बाँस बाहेक) बाट निर्माण गर्दा अनिवार्य लागत इस्टिमेट स्वीकृत गर्नु पर्ने।)


**चित्र नं. १ : १० मिटर x ५ मि. को प्लाष्टिक घरको रेखांकन विधि (Layout)**



चित्र नं. २ : चौडाई भागबाट प्लाष्टिक घरको उचाई स्थिति




चित्र नं. ३ : १० मिटर x ५ मि. को प्लाष्टिक घरमा भाटा राख्ने तरिका



## प्रस्ताव मूल्याङ्कनका आधारहरु

पुनश्चः उल्लेखित आधारमा मूल्याङ्कन गर्दा कम्तीमा २५ अङ्क प्राप्त गर्ने कृषकलाई मात्र छनौट गरिनेछ।

| क्र.सं. | मूल्याङकनका आधार | प्रदान गरिने अधिकतम अंक | प्राप्त अंक |
|---|---|---|---|
| १ | चेपाङ, दलित, लोपोन्मुख, आदिबासी समुदायका व्यक्ति/ संस्थाबाट कृषि पेशा वा व्यवसाय सञ्चालन भए | १० | |
| २ | बर्ष भरिमा छ महिना भन्दा वढी खाद्यान्न/तरकारी/ फलफूल खेती गर्ने गरेको | ८ | |
| ३ | खेती गरेको जग्गाको क्षेत्रफल ५ रोपनी भन्दा बढी | ८ | |
| ४ | खेती गरेको जग्गाको क्षेत्रफल २ रोपनी सम्म | ५ | |
| ५ | वालीमा रसायानिक विषादी प्रयोग नगर्ने | ५ | |
| ६ | व्यवसाय उन्मुख कृषक | १० | |
| ७ | उत्पादित कृषि उपज विक्रिवितरण गर्ने | ४ | |
| | **जम्मा** | **५०** | |

**मूल्याङ्कन गर्दा उपस्थित व्यक्तिहरुः-**

**नामः** **पद** **दस्तखत**

१)................................ ........................ .......................

२)................................ ........................ .......................

३)................................ ........................ ........................

४)................................ ......................... .........................

५)................................ ......................... ..........................

**अनुसूची - ७**

**<u>फिल्ड अनुगमन प्रतिवेदन</u>**

**कृषकको नामः** **ठेगानाः** **फोन नं**

| **क्र.सं.** | **अनुगमनका आधारहरु** | **छ (✓)** | **छैन(✗)** |
|---|---|---|---|
| १ | चेपाङ, दलित, लोपोन्मुख, आदिबासी समुदायका व्यक्ति/ संस्थाबाट कृषि पेशा वा व्यवसाय सञ्चालन | | |
| २ | बर्ष भरिमा छ महिना भन्दा वढी खाद्यान्न/तरकारी/फलफूल खेती | | |
| ३ | खेती गरेको जग्गाको क्षेत्रफल ५ रोपनी भन्दा बढी | | |
| ४ | खेती गरेको जग्गाको क्षेत्रफल २ रोपनी सम्म | | |
| ५ | वालीमा रसायानिक विषादी प्रयोग | | |
| ६ | व्यवसाय उन्मुख कृषक | | |
| ७ | उत्पादित कृषि उपज विक्रिवितरण | | |

**अनुगमन गर्दा उपस्थित व्यक्तिहरुः-**

**नामः** **पद** **दस्तखत**

१)................................ ...................... .......................

२................................ ...................... ........................

३................................ ....................... ........................

४)............................... ....................... ........................

५)............................... ....................... ........................

६)............................. ........................ .........................

अनुगमनका क्रममा देखा परेका केही अन्य विवरण:-

....................................................................................................................................................

....................................................................................................................................................

आज्ञाले
नर्बदा घिमिरे
प्रमुख प्रशासकीय अधिकृत